# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, जेठ १४ गते २०५३ साल (संख्या ७

## भाग ३

श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना १**

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बी. एच. मायर्श मिन्ट, जर्मनीबाट कमलको फूल अंकित देहायबमोजिमको डिजाइन, नाप र तौल भएको असर्फी टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैङ्क-लाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

असर्फी

अग्रभाग:– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहने छ ।

पृष्ठभाग:– वरिपरि ६४ थोप्लाभित्र माथि अर्धगोलाकार रूपमा 5 OZ 999.9 Fine Gold, त्यसभन्दा तल दायाँतर्फ माथि नेपालीमा कमल, कमलको ठीक तल चिनियाँ भाषामा कमलको फूल अंकित शब्द, बीचमा कमलको फूल, कमलको फूलको बायाँतर्फ माथि अंग्रेजीमा Nepal र त्यसको तल 1996 रही सबभन्दा तल अंग्रेजीमा ASSARFI रहने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| तौल | – ५ औंस |
| धातु | – ९९९.९ सुन |
| व्यास | – ६५ मि.मि. |
| धर्सो | – भएको |
| स्तर | – प्रुफ |
| अधिकतम निष्काशन | – १८० थान |

## सूचना २

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बी.एच. मायर्श मिन्ट जर्मनीबाट कमलको फूल अङ्कित देहायबमोजिमको डिजाइन, नाप र तौल भएको असर्फी टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैङ्कलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

असर्फी

अग्रभाग:– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहने छ ।

पृष्ठभाग:– वरिपरि ६४ थोप्लाभित्र माथि अर्धगोलाकार रूपमा 1/2 OZ 999.9 Fine Gold, त्यसभन्दा तल दायाँतर्फ माथि नेपालीमा कमल, कमलको ठीक तल चिनियाँ भाषामा कमलको फूल, अङ्कित शब्द बीचमा कमलको फूल, कमलको फूलको बायाँतर्फ माथि अंग्रेजीमा Nepal र त्यसको तल 1996 रही सबभन्दा तल अंग्रेजीमा ASSARFI रहने छ ।

| | |
|---|---|
| तौल | – ½ औंस |
| धातु | – ९९९.९ सुन |
| व्यास | – ३० मि.मि. |
| धर्सो | – भएको |
| स्तर | – प्रुफ |
| अधिकतम निष्काशन | – १०,००० थान |



१६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बी. एच. मायर्श मिन्ट जर्मनीबाट कमलको फूल अङ्कित देहायबमोजिमको डिजाइन, नाप र तौल भएको असर्फी टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंङ्कलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ।

असर्फी

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहने छ।

पृष्ठभागः– वरिपरि ६४ थोप्लाभित्र माथि अर्धगोलाकार रूपमा 1/4 OZ999.9 Fine Gold त्यसभन्दा तल दायाँतर्फ माथि नेपालीमा कमल, कमलको ठीक तल चिनियाँ भाषामा कमलको फूल अंकित शब्द, बीचमा कमलको फूल, कमलको फूलको बायाँतर्फ माथि अंग्रेजीमा Nepal र त्यसको तल 1996 रही सबभन्दा तल अंग्रेजीमा ASSARFI रहने छ।

| | | |
|---|---|---|
| तौल | – | $\frac{1}{4}$ औंस |
| धातु | – | ९९९.९ सुन |
| व्यास | – | २२.५ मि.मि |
| धर्सो | – | भएको |
| स्तर | – | प्रुफ |
| अधिकतम निष्काशन | – | १०,००० थान |

## सूचना ४

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बी.एच. मायर्श मिन्ट जर्मनीबाट कमलको फूल अंकित देहायबमोजिमको डिजाइन, नाप र तौल भएको सिक्का टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैङ्कलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ।

रू. ५००।– (सुनौलो जलपको सिक्का)

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहने छ।



९६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पृष्ठभागः– वरिपरि ६४ थोप्लाभित्र माथि अर्धगोलाकार रूपमा .1 OZ 999 Fine Silver, त्यसभन्दा तल दायाँतर्फ माथि नेपालीमा कमल, कमलको ठीक तल चिनियाँ भाषामा कमलको फूल अंकित शब्द, बीचमा कमलको फूल, कमलको फूलको बायाँतर्फ माथि अंग्रेजीमा Nepal र त्यसको तल 1996 रही सबभन्दा तल अंग्रेजीमा Rs. 500 रहने छ।

| | | |
|---|---|---|
| दर | – | रू. ५००।– |
| तौल | – | १ औंस |
| धातु | – | ९९९ चाँदी सुनौले जलप भएको |
| व्यास | – | ३७ मि. मि. |
| धर्सो | – | भएको |
| स्तर | – | प्रुफ |
| अधिकतम निष्काशन– | | १५,००० थान |

## सूचना ५

### आर्थिक प्रशासनसम्बन्धी (तेश्रो संशोधन) नियमहरू, २०५३

आर्थिक प्रशासनसम्बन्धी नियमहरू, २०४२ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरि श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "आर्थिक प्रशासन" (तेश्रो संशोधन) नियमहरू, २०५३ रहेको छ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन्।

२. आर्थिक प्रशासनसम्बन्धी नियमहरू, २०४२ को नियम २९ को उपनियम (२) मा संशोधनः आर्थिक प्रशासनसम्बन्धी नियमहरू, २०४२ को नियम २९ को उपनियम (२) को खण्ड (ठ) झिकिएको छ।

## सूचना ६

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (३) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी प्रतिनिधि-सभा र राष्ट्रिय सभाका माननीय सदस्यहरूलाई देहायमा लेखिएबमोजिम भन्सार महसुल र बिक्रीकर आंशिक रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. हल्का सवारी साधन थान एकको सम्बन्धमाः

(क) प्रचलित कानून अनुसार भन्सार महसुल र बिक्रीकर समेत गरी जम्मा रु. १०,००,०००।– (दश लाख) सम्म लाग्नेमा भन्सार महसुल तथा बिक्रीकरमा ९०% (नब्बे प्रतिशत) छूट दिई १०% (दश प्रतिशत) मात्र असुल उपर गर्ने ।

(ख) सो भन्सार महसुल तथा बिक्रीकरको कुल रकम दश लाखभन्दा बढी तर बीस लाख वा सो बीचको अंकमा भए दश लाखसम्मको हकमा खण्ड (क) बमोजिम असुल हुने हुँदा बाँकी अंकमा ८०% (असी प्रतिशत) छूट दिई २०% (बीस प्रतिशत) भन्सार महसुल तथा बिक्रीकर असुल गर्ने ।

(ग) सो भन्सार महसुल तथा बिक्रीकरसमेत गरी बीस लाखभन्दा बढी अंक कायम हुनेमा बीस लाखसम्मको अंकमा खण्ड (क) र खण्ड (ख) बमोजिमको रकम क्रमशः असुल हुने हुँदा त्यसपछिको अंकमा ५०% (पचास प्रतिशत) छूट दिई ५०% (पचास प्रतिशत) भन्सार महसुल तथा बिक्रीकर असुल गर्ने ।

खण्ड ४५ अतिरिक्तांक ४४ (ख) मिति २०५२।१०।२९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा १ खारेज गरिएको छ ।

## सूचना ७

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल अपाङ्ग संघको २५ वर्ष पूरा भएको उपलक्ष्यमा उक्त संघको लोगो अङ्कित देहायबमोजिमको डिजाइन, नाप र तौलको चाँदीको स्मारिका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

रू. २५०।– को सिक्का

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्‌म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह अङ्कित रहने छ ।

पृष्ठभागः– वरिपरि ६४ थोप्लाभित्र माथि अर्धगोलाकार रूपमा नेपालीमा नेपाल अपाङ्ग संघ त्यस मुनि अर्धगोलाकार रूपमा अंग्रेजीमा NEPAL



९६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

DISABLED ASSOCIATION रही बीचमा नेपाल अपाङ्ग संघको लोगो रहने छ। त्यसै गरी लोगोको माथि नेपालीमा रू. २५०।– र तल अंग्रेजीमा Rs. 250।– रही त्यसको तल अर्धगोलाकार रूपमा SILVER JUBILEE 1995 रहने छ भने सबभन्दा तल अर्धगोलाकारमा नै नेपालीमा रजतजयन्ती २०५२ अंकित रहनेछ ।

| | |
|---|---|
| दर | – रू. २५०।– |
| आकार | – गोलो |
| व्यास | – ३६ मि. मि. |
| धातु | – ९२.५ प्रतिशत (चाँदी $\pm$१ प्रतिशत) ७.५ प्रतिशत अन्य |
| सिरेशन | – धर्सो भएको |
| तौल | – १८ ग्राम ($\pm$३०० मि. ग्रा.) |
| अधिकतम निष्काशन | – ५,००० थान |

## सूचना ८

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल अपाङ्ग संघको २५ वर्ष पूरा भएको उपलक्ष्यमा उक्त संघको लोगो अंकित देहायबमोजिमको डिजाइन, नाप र तौलको चाँदीको स्मारिका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

रु. १०।– को सिक्का

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह अंकित रहने छ ।

पृष्ठभागः– वरिपरि ६४ थोप्लाभित्र माथि अर्धगोलाकार रूपमा नेपालीमा नेपाल अपाङ्ग संघ त्यस मुनि अर्धगोलाकार रूपमा अंग्रेजीमा NEPAL DISABLED ASSOCIATION रही बीचमा नेपाल अपाङ्ग संघको लोगो रहने छ । त्यसै गरी लोगोको माथि नेपालीमा रु. १०. र तल अंग्रेजीमा Rs. 10।– रही त्यसको तल अर्धगोलाकार रूपमा



९८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

SILVER JUBILEE 1995 रहने छ भने सबभन्दा तल अर्धगोलाकारमा नै नेपालीमा रजतजयन्ती २०५२ अंकित रहने छ ।

| | | |
|---|---|---|
| दर | – | रु. १० |
| आकार | – | गोलो |
| व्यास | – | २९ मि.मि. |
| धातु | – | ७५ प्रतिशत तामा, २५ प्रतिशत निकेल |
| सिरेशन | – | साधा |
| तौल | – | ८.५ ग्राम |
| अधिकतम निष्काशन | – | ५,००,००० थान |

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको सूचना

### पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको पाटन संग्रहालय विकास समिति सम्झनुपर्छ ।

(ख) "संग्रहालय" भन्नाले पाटन संग्रहालय सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेशअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

969



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठनः (१) संग्रहालयको संरक्षण तथा विकासको लागि पाटन संग्रहालय विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन:–

| | | |
|---|---|---|
| (क) | उप-महानिर्देशक, पुरातत्व विभाग | अध्यक्ष |
| (ख) | प्रतिनिधि, युवा, खेलकुद तथा संस्कृति मन्त्रालय | सदस्य |
| (ग) | प्रतिनिधि, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान | सदस्य |
| (घ) | प्रतिनिधि, ललितपुर उप-महानगरपालिका | सदस्य |
| (ङ) | प्रतिनिधि, ललितपुर सम्पदा समूह | सदस्य |
| (च) | प्रतिनिधि, मदन पुरस्कार पुस्तकालय, ललितपुर | सदस्य |
| (छ) | प्रतिनिधि, नेपाल हस्तकला उद्योग संघ | सदस्य |
| (ज) | संग्रहालय शाखा प्रमुख, पुरातत्व विभाग | सदस्य |
| (झ) | प्रमुख, संग्रहालय | सदस्य-सचिव |

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

(४) समितिले आवश्यक देखेमा अन्य कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) संग्रहालयको विकासको सम्बन्धमा योजना तर्जुमा गर्ने र त्यसका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्ने,

(ख) संग्रहालयमा गरिएका संकलनलाई शैक्षिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले गुणस्तरयुक्त तुल्याई अन्तर्राष्ट्रिय स्तरको संग्रहालयको रूपमा संचालन गर्ने कार्यक्रमको तर्जुमा गर्ने र कार्यान्वयन गर्ने, गराउने,

(ग) संग्रहालयमा प्रदर्शनीको लागि राखिएका कलाकृतिहरूको संरक्षण तथा सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने,

(घ) संग्रहालयमा रहेका कलाकृतिहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाविद्हरूबाट अन्वेषण तथा अनुसन्धान गराउने,

(ङ) संग्रहालयको विभिन्न कक्षहरू आकर्षक ढंगले सजावट गरी पर्यटकीय दृष्टिले आकर्षक तुल्याउने,



962

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) संग्रहालयका कर्मचारीहरूको तालिमको लागि व्यवस्था गर्ने,

(छ) संग्रहालयको प्रवेश शुल्कको निर्धारण गर्ने र असुल गर्ने,

(ज) संग्रहालयको लागि प्रयोगमा नआएका कोठाहरू भाडामा दिने,

(झ) संग्रहालयमा विभिन्न वस्तुहरू खरीद गरी प्रदर्शन गर्ने,

(ञ) संग्रहालयको कार्य संचालन गर्नको लागि आवश्यक कर्मचारीहरूको सेवा, शर्त, निर्धारण गर्न, दरबन्दी स्वीकृत गर्ने र कर्मचारीहरू नियुक्ति गर्ने,

(ट) संग्रहालय संचालन सम्बन्धमा आवश्यक अन्य कार्यहरू गर्ने गराउने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षको स्वीकृति लिई सदस्य सचिवले बोलाउने छ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित समितिका सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको बैठकको लागि कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(६) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

६. उप-समिति गठन गर्न सक्नेः (१) यस आदेशको उद्देश्य पूर्तिको लागि समितिले आवश्यकतानुसार उप-समिति गठन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम गठन हुने उप-समितिको काम, कर्तव्य र अधिकार समितिले तोकेबमोजिम हुनेछ ।

७. संग्रहालय प्रमुखः संग्रहालयमा कार्यरत अधिकृत कर्मचारीहरूमध्ये कुनै कर्मचारीलाई श्री ५ को सरकारले संग्रहालय प्रमुखको रूपमा तोक्न सक्नेछ ।

८. कर्मचारीसम्बन्धी व्यवस्थाः (१) समितिको कर्मचारीहरूको नियुक्ति नभए-सम्मको लागि श्री ५ को सरकारको कुनै कर्मचारीलाई समितिबाट तलब खाने गरी श्री ५ को सरकारले समितिमा काजमा खटाउन सक्नेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम श्री ५ को सरकारले काजमा खटाएका कर्मचारीहरूको पदाधिकार निज जुन कार्यालयबाट काज खटिएको हो सोही कार्यालयको दरबन्दीमा रहनेछ।

(३) समितिमा काज खटिएका कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु वा सरूवा गर्नु परेमा त्यसको सूचना समितिलाई दिनेछ।

(४) समितिमा काज खटिएका श्री ५ को सरकारको कर्मचारीको सरुवा, बढुवा र विभागीय कारवाही निजामती सेवासम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

(५) समितिमा काजमा खटिएका श्री ५ को सरकारको कर्मचारीलाई विभागीय कारवाही गर्नुपर्ने भएमा समितिले सो कर्मचारी उपर कुन आरोप लागेको हो त्यसको स्पष्ट कारण खुलाई विभागीय कारवाहीको लागि श्री ५ को सरकारमा पेश गर्नुपर्नेछ।

९. पारिश्रमिक र भत्ताः (१) समितिका कर्मचारीहरूले तोकिएबमोजिम पारिश्रमिक पाउनेछन।

(२) समितिको बैठकमा भाग लिएबापत समितिको अध्यक्ष, सदस्य वा सदस्य-सचिवले तोकिएबमोजिम बैठक भत्ता पाउन सक्नेछन्।

१०. समितिको कोषः (१) समितिको एउटा कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्राप्त रकम,

(ग) प्रवेश शुल्क, भाडा तथा कक्ष शुल्कबाट उठेको रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) समितिले उपदफा (१) को खण्ड (ख) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि श्री ५ को सरकारको स्वीकृति लिनुपर्नेछ।

(३) समितिको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(४) समितिको कोषको संचालन तोकिएबमोजिम हुनेछ।

११. लेखा र लेखापरीक्षणः (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिकाबमोजिम राखिनेछ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जचाँउन सक्नेछ ।

१२. अधिकार प्रत्यायोजनः (१) समितिले आवश्यकतानुसार आफ्नो केही अधिकार समितिको अध्यक्ष, सदस्य, सदस्य-सचिव, दफा ६ बमोजिम गठित उप-समिति वा समितिका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

१४. पुरातात्विक वस्तुको स्वामित्वः पाटन संग्रहालयमा रहने पुरातात्विक वस्तुहरूको स्वामित्व श्री ५ को सरकार, पुरातत्व विभागमा रहनेछ ।

१५. नियमहरू बनाउन सक्नेः समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन् ।

१६. समितिको कार्यालयः समितिको कार्यालय ललितपुरको मंगलबजारमा रहनेछ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

यस सचिवालयका मुख्य सचिव श्री ईश्वरप्रसाद उपाध्याय श्री ५ को सरकारको मिति २०५२।१२।२३ को निर्णयानुसार मिति २०५३।१।१९ देखि चीन तथा दक्षिण कोरियाको जनसंख्या तथा परिवार नियोजन कार्यक्रमको अध्ययन भ्रमणमा जानु भएकोले उहाँको अनुपस्थितिमा कामकाज गर्न सो मुख्य सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ सरकारले यसै सचिवालयका सचिव श्री बलरामसिंह मल्ललाई मिति २०५३।१।१९ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

स्थानीय विकास मन्त्रालयका सचिव श्री विश्वराज रेग्मी गणतन्त्र कोरिया र जनवादी गणतन्त्र चीनमा संचालन भइरहेको जनसंख्या, परिवार नियोजन र तत्सम्बन्धी विकास कार्यक्रमको अध्ययन अवलोकन भ्रमण टोलीको सदस्यका रूपमा त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री पद्मकुमार आचार्यलाई मिति २०५३।१।२३ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

सूचना तथा संचार मन्त्रालयका सचिव श्री भोजराज पोखरेल इन्ट्राडोस ग्रुपको सेमिनारमा भाग लिनका साथै हालको उदारीकरण प्रक्रियाबारे तथा दूर संचार सेवाका विविध विषयमा विश्व बैङ्कसंग छलफल गर्न २०५३।१।२९ देखि वाशिंटन डि. सी. तर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री ढुण्डीराज खनाललाई मिति २०५३।१।२९ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले राजस्व न्यायाधीकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपालगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री धरणिधर खतिवडालाई राजस्व न्यायाधीकरण, नेपालगन्जको राजस्व सदस्य पदमा तोकेको छ ।

आज्ञाले,
सुरेशमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५२।१२।१३ को निर्णयानुसार संसद सचिवालयका देहायका अधिकृतहरूलाई मिति २०५२।१२।१२ देखि जेष्ठता कायम हुने गरी नेपाल संसद सेवा, प्रशासन समूहको राजपत्रांकित द्वितीय श्रेणीको उपसचिव पदमा बढुवा गरी संसद सचिवालयमा पदस्थापन गरेको छ ।

१. श्री जयनारायण नेपाल
२. श्री हरिलोचन शर्मा घिमिरे
३. श्री नारायणप्रसाद विडारी

आज्ञाले,
खगेन्द्र बस्न्यात
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको सूचना

लेखापरीक्षण सेवाका राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक श्री सत्यलाल मढीकर्मीको सेवा अवधि २०५३।१।३१ मा ३० वर्ष पुगी महालेखापरीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० को नियम ९२ को उप-नियम (१) अनुसार मिति २०५३।२।१ मा अवकाश हुने भएकोमा महालेखापरीक्षकले सोही नियमको उप-नियम (२) ले दिएको अधिकार प्रयोग गरी निजको सेवा अवधि मिति २०५३।२।१ बाट लागू हुने गरी ५ वर्षको लागि थप गरेको छ ।

आज्ञाले,
विष्णुबहादुर के.सी.
उप-महालेखापरीक्षक

966



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल अधिराज्यका
# महान्यायाधिवक्ताको कार्यालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०५३।१।३ र २०५३।१।१७ को निर्णयानुसार महान्यायाधिवक्ताको कार्यालयअन्तर्गत देहायका स्थानहरूमा मिति २०५३।१।१ गतेदेखि लागू हुने गरी देहायको सरकारी वकील कार्यालयहरू स्थापना भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| स्थापना हुने कार्यालयहरू | स्थान |
|---|---|
| पुनरावेदन सरकारी वकील कार्यालय | बाग्लुङ |
| पुनरावेदन सरकारी वकील कार्यालय | तुलसीपुर |
| पुनरावेदन सरकारी वकील कार्यालय | जुम्ला |
| पुनरावेदन सरकारी वकील कार्यालय | महेन्द्रनगर |
| पुनरावेदन सरकारी वकील कार्यालय | धनकुटा |

## सूचना २

श्री ५ को सरकारको मिति २०५३।१।३ र २०५३।१।१७ को निर्णयानुसार महान्यायाधिवक्ताको कार्यालयअन्तर्गतका देहायका कार्यालयहरू मिति २०५३।१।१ गतेदेखि खारेज भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| खारेज हुने कार्यालयहरू | स्थान |
|---|---|
| जिल्ला सरकारी वकील कार्यालय | बाग्लुङ |
| जिल्ला सरकारी वकील कार्यालय | जुम्ला |
| जिल्ला सरकारी वकील कार्यालय | कन्चनपुर |
| जिल्ला सरकारी वकील कार्यालय | धनकुटा |

आज्ञाले,
बलराम के.सी.
वरिष्ठ सरकारी अधिवक्ता

१०८



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।